राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३२७ | २०८३ साउन २४ गते आईतवार | (Sunday, 9 Aug | पुष्ठ ४ | मुल्य रु. ५





# हार्दिक स्वागत

मधेशको कैलास 'टुटेश्वर' एवं नेपालको बाबाधामस्थित **टुटेश्वरनाथ महादेव मन्दिर**को दर्शन, पूजा–आराधना तथा श्रावणी बोलबम मेलामा सहभागी हुन आउनुहुने सम्पूर्ण श्रद्धालु भक्तजनहरूलाई हार्दिक स्वागत तथा मंगलमय शुभकामना ।



**काहारमान स्याङ्बा**, *वडाध्यक्ष*

बर्दिबास नगरपालिका वडा नं ५

बर्दिबास, महोत्तरी

राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३२७ | २०८३ साउन २४ गते आइतवार | (Sunday, 9 Aug., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

# ढल्केवरको ट्रमा सेन्टर जोगाउन सडकमा उत्रिए सांसद

विजय कुमार सिंह

*ढल्केवर, साउन २३ गते ।*

धनुषाको ढल्केवरको ट्रमा सेन्टर जोगाउन जारी आन्दोलनमा शनिबार सांसदसमेत सडकमा उत्रिए । स्थानीयको आन्दोलनमा एक्येबद्धता जनाउँदै प्रतिनिधिसभा सदस्यदेखि प्रदेशसभा सदस्य र नगरका जनप्रतिनिधिसम्म सडकमा आए । उनीहरूले ढल्केवरको योजना अन्यत्र सार्ने प्रयास स्वीकार्य नहुने चेतावनी दिँदै स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताको राजीनामासमेत माग गरे ।




गत मंगलबार प्रतिनिधिसभा बैठकमा स्वास्थ्यमन्त्री निशा मेहताले मधेश प्रदेशको लहानमा ट्रमा सेन्टर बन्ने बताएपछि ट्रमा सेन्टर ढल्केवरमै निर्माण गर्नुपर्ने मागसहित स्थानीयहरुले आन्दोलन चर्काएका छन् ।

मिथिला नगरपालिकाका मेयर महेन्द्र महतोको नेतृत्वमा गठित ढल्केवर ट्रमा सेन्टर संरक्षण संघर्ष समितिले बिहिबार धनुषाका प्रमुख जिल्ला अधिकारीमार्फत सरकारलाई ज्ञापन पत्र बुझाउँदै पहिलो चरणको आन्दोलन थालेका थिए ।

आन्दोलनको तेस्रो दिन शनिबार ढल्केवरमा निकालिएको विरोध र्‍यालीमा प्रतिनिधिसभा सदस्य डा. चन्द्रमोहन यादव, प्रदेशसभा सदस्यहरू हरिनारायण महतो, शेषनारायण यादव र कुमरकान्त झा सहभागी भए । मिथिला नगरपालिकाका मेयर महेन्द्र महतो र उपमेयर सुनिता सिंह बुढाथोकी पनि आन्दोलनको अग्रपंक्तिमा देखिए ।

स्थानीयको बाक्लो उपस्थितिबीच निकालिएको र्‍यालीमा मन्त्री मेहताको राजीनामा माग्दै चर्को नाराबाजी भयो । ढल्केवरमै ट्रमा सेन्टर निर्माण गर्नुपर्ने माग गर्दै प्रदर्शनकारीले सरकारविरुद्ध आक्रोश पोखे ।

आन्दोलनमा सहभागी सांसद तथा जनप्रतिनिधिले ढल्केवरका लागि अघि बढिसकेको योजना अन्यत्र सार्ने निर्णय कुनै हालतमा स्वीकार्य नहुने बताए । स्थानीयको मागलाई बेवास्ता गरेर सरकार अघि बढे आन्दोलन थप सशक्त बनाउने उनीहरूको चेतावनी छ ।

प्रतिनिधिसभा सदस्य डा. चन्द्रमोहन यादवले ढल्केवरको ट्रमा सेन्टरको विषय अब सडकमा मात्र नभई सदनमा पनि सशक्त रूपमा उठाउने बताए ।

ढल्केवरमै ट्रमा सेन्टर निर्माण गराउन सरकारलाई घुँडा टेकाउन शान्तिपूर्ण आन्दोलनको विकल्प नरहेको उनको भनाइ थियो ।

प्रदेशसभा सदस्य हरिनारायण महतोले ढल्केवरमा सुरु भएको प्रक्रिया नरोकी यथास्थितिमै ट्रमा सेन्टर निर्माण अघि बढाउन माग गरे । स्थानीयको आवाजलाई बेवास्ता गरे सरकारले ठूलो मूल्य चुकाउनुपर्ने उनले चेतावनी दिए ।

प्रदेशसभा सदस्य कुमरकान्त झाले ट्रमा सेन्टर स्थापनाको विषयमा छेडखानी नगर्न सरकारलाई चेतावनी दिए । ढल्केवरको माग सम्बोधन नभए प्रदेशसभामासमेत अवरोध सिर्जना गर्ने उनले बताए ।

मधेश प्रदेश सरकारका पूर्वमन्त्रीसमेत रहेका प्रदेशसभा सदस्य शेषनारायण यादवले आन्दोलनमा निरन्तर साथ दिने प्रतिबद्धता जनाए ।

ढल्केवरमै ट्रमा सेन्टर निर्माण हुने स्पष्ट प्रतिबद्धता नआएसम्म आन्दोलन रोक्न नहुने उनको भनाइ थियो ।

मधेश प्रदेश सरकारका पूर्वमन्त्रीसमेत रहेका प्रदेशसभा सदस्य शेषनारायण यादवले स्थानीयको आन्दोलनमा निरन्तर साथ र समर्थन रहने प्रतिबद्धता जनाए । उनले सरकारले ढल्केवरमा यथाशीघ्र ट्रमा सेन्टर निर्माणको प्रक्रिया अघि बढाउनुपर्नेमा जोड दिए । ट्रमा सेन्टर ढल्केवरमै निर्माण हुने स्पष्ट प्रतिबद्धता नआएसम्म आन्दोलन जारी राख्नुको विकल्प नरहेको उनको भनाइ थियो ।

ट्रमा सेन्टरको विषयमा स्थानीयको आन्दोलनमा सांसद र जनप्रतिनिधिको प्रत्यक्ष सहभागिता बढ्दै गएपछि सरकारमाथि राजनीतिक दबाबसमेत बढेको छ । आन्दोलनकारीले ढल्केवरमै ट्रमा सेन्टर निर्माणको सुनिश्चितता गर्न माग गर्दै आएका छन् ।

हाल मिथिला नगरपालिका-७, साविकको ढल्केवर गाविस वडा नं २'क' को कित्ता नं १६९ को चार बिघा क्षेत्रफल रहेको ऐलानी जग्गालाई आधार मानेर संघिय सरकारले आर्थिक वर्ष २०७८/०७९ को बजेटमा धनुषाको ढल्केवरमा ट्रमा सेन्टर निर्माण गर्ने शीर्षकमा पहिलो पटक रकम विनियोजन गरेको थियो । उक्त योजनाका लागि जग्गा प्राप्तिको प्रक्रिया पनि पूरा भइसकेर लालपूर्जा बनिसकेको मिथिला नगरपालिकाका मेयर महेन्द्र महतोले बताए ।

शिलान्यासको संघारमा रहेको उक्त योजना स्वास्थ्य मन्त्रीको अभिव्यक्तीले अन्यौलमा परेकोले बाध्य भएर आन्दोलनमा उत्रिनु परेको उनको भनाइ छ ।

# आठ दल मिलेर 'अग्रगामी मोर्चा' घोषणा

## प्रगतिशील शक्तिलाई एकताबद्ध गर्ने प्रतिबद्धता

द पब्लिक टुडे समाचारदाता

*गौशाला, साउन २३ गते ।*

विभिन्न प्रगतिशील तथा परिवर्तनकारी राजनीतिक शक्तिहरूलाई एकताबद्ध गर्ने उद्देश्यसहित साना आठ दलले 'अग्रगामी मोर्चा' गठन गरेका छन् ।




जसपा नेपाल, जनमत पार्टी, आम जनता पार्टी, नागरिक उन्मुक्ति पार्टी नेपाल, प्रगतिशील लोकतान्त्रिक पार्टी, नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल, र खुम्बुवान राष्ट्रिय मोर्चाले 'अग्रगामी मोर्चा' गठन गरेका हुन् ।

नयाँ बानेश्वरको थापागाउँस्थित काठमाडौं ब्यांक्वेटमा आयोजित 'अग्रगामी मोर्चा' घोषणा कार्यक्रममा प्रगतिशील लोकतान्त्रिक पार्टीका संरक्षक जनार्दन शर्माले अवधारणा पत्र सार्वजनिक गरेका छन् ।

अवधारणा पत्रमा लोकतान्त्रिक, प्रगतिशील, सामाजिक लोकतान्त्रिक, क्रान्तिकारी, श्रमिक, समाजवादी तथा समावेशी राजनीतिक शक्तिलाई एकताबद्ध गर्ने प्रतिबद्धता जनाइएको छ । अवधारणा पत्रमा नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता, स्वतन्त्रता, भौगोलिक अखण्डता तथा राष्ट्रिय एकताको संरक्षणलाई प्राथमिकतामा राखिएको छ ।

राजनीतिक सत्ताको अत्यधिक केन्द्रीकरण, सर्वसत्तावाद र अधिनायकवादी प्रवृत्तिको अन्त्य गर्दै स्वतन्त्रता, समानता, लोकतान्त्रिक गणतन्त्र, समावेशी लोकतन्त्र, धर्मनिरपेक्षता, सामाजिक न्याय र मानव अधिकार सुनिश्चित गर्ने मोर्चाले लक्ष्य लिएको छ ।

मोर्चाले बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक नेपाली समाजको विविधतालाई सम्मान गर्दै पछाडि पारिएका वर्ग तथा समुदायको उत्थानलाई प्राथमिकतामा राख्ने जनाएको छ ।

यस्तै जात, जाति, वर्ग, लिङ्ग, भाषा, धर्म, संस्कृति, भूगोल वा समुदायका आधारमा हुने सबै प्रकारका असमानता, विभेद, बहिष्करण र अन्याय अन्त्य गर्ने प्रतिबद्धता पनि अवधारणा-पत्रमा व्यक्त गरिएको छ ।

मधेसी, आदिवासी जनजाति, थारू, महिला, दलित, मुस्लिम, पिछडावर्ग, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक समुदाय, युवा, श्रमिक, किसान, ज्येष्ठ नागरिक तथा लैङ्गिक एवं यौनिक अल्पसंख्यकलगायत सबै समुदायलाई राज्यका सबै तहमा अर्थपूर्ण सहभागिता गराउन संघर्ष गर्ने मोर्चाले जनाएको छ ।

समानुपातिक प्रतिनिधित्व, समान अवसर, राज्यका स्रोत-साधनमा समान पहुँच तथा समान सम्मानमा आधारित समतामूलक लोकतान्त्रिक समाज निर्माण आफ्नो उद्देश्य रहेको मोर्चाको अवधारणा पत्रमा उल्लेख छ ।

मोर्चाले पारदर्शी, जवाफदेही र भ्रष्टाचार मुक्त शासन प्रणाली, स्वतन्त्र न्यायपालिका, सक्षम सार्वजनिक प्रशासन तथा गुणस्तरीय र सर्वसुलभ शिक्षा एवं स्वास्थ्य सेवाको विकासलाई पनि आफ्नो प्राथमिकतामा राखेको छ ।

# तीन क्विन्टल गाँजासहित एकजना पक्राउ

द पब्लिक टुडे समाचारदाता

*गौशाला, साउन २३ गते ।*

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाबाट भारी परिमाणको गाँजासहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

हनुमाननगर कंकालिनी नगरपालिका-०८ स्थित जोगिनियाबाट ३०२ किलो ४८० ग्राम गाँजासहित स्थानीय ५३ वर्षीय माधुरी मुखियालाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

प्रहरीका अनुसार शनिबार दिउँसो २ बजे कोशी बाँधको पलारमा रहेको सरकारी खाली जग्गामा लुकाएर राखिएको अवस्थामा सो गाँजा बरामद गरिएको हो । भारत घर भएका नन्दकिशोर मुखियाले लगाएको पट्टा (सनपाट) को खेतबारीभित्र १२ वटा बोरामा राखिएको अवस्थामा गाँजा फेला परेको थियो ।

उक्त गाँजा हनुमाननगर कंकालिनी नगरपालिका- ०७ मुखिया टोल बस्ने अन्दाजी ५३ वर्षीय माधुरी मुखियाको रहेको प्रारम्भिक छानबिनबाट खुलेपछि उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

बरामद गरिएको गाँजा जोख्दा ३०२ किलो ४८० ग्राम रहेको छ । पक्राउ परेका मुखियामाथि लागूऔषध नियन्त्रण ऐन अनुसार थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# कांग्रेस जिम्मेवार र परिपक्व भूमिकामा उभिन्छ : निधि

द पब्लिक टुडे समाचारदाता

*गौशाला, साउन २३ गते ।*



नेपाली कांग्रेसका पूर्व उपसभापति विमलेन्द्र निधिले वर्तमान राजनीतिक परिस्थितिमा कांग्रेसले जिम्मेवार र परिपक्व भूमिका निर्वाह गर्नुपर्ने बताएका छन् ।

शनिबार नेपाली कांग्रेस धनुषाले जनकपुरमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा बोल्दै नेता निधिले लोकतान्त्रिक मूल्यमान्यता र संविधान रक्षा तथा जनताको अधिकारको पक्षमा पार्टीका नेतृत्व जिम्मेवार र परिपक्व भूमिकामा उभिनुपर्ने बताएका हुन् ।

पार्टीलाई थप सुदृढ र एकताबद्ध बनाउँदै अघि बढ्नुपर्नेमा जोड दिँदै नेता निधिले पार्टीका नेता कार्यकर्ताबीचको एकता र सङ्गठनको सक्रियतामा निर्भर रहने भएकाले सबै मिलेर सङ्गठनलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए ।

पार्टीभित्रको एकता, सङ्गठन सुदृढीकरण र जनतासँगको सम्बन्धलाई केन्द्रविन्दुमा राखेर अघि बढ्नुपर्ने उनले बताए ।

जनताको समस्या र अपेक्षालाई नजिकबाट बुझेर त्यसअनुरूप राजनीतिक गतिविधि अघि बढाउन उनले कार्यकर्तालाई सुझाव दिए ।

कार्यक्रममा नेपाली कांग्रेस धनुषाका नेता तथा कार्यकर्ताहरूले पार्टीभित्रको किचलो चाँडो समाधान गरेर एकढिक्का भएर अघि बढ्नुपर्नेमा जोड दिएका थिए ।

# नियमित कोटाको रसायनिक मल वितरण गरिँदै

राष्ट्रिय समाचार समिति

*जनकपुरधाम, साउन २३ गते ।*



कृषि सामग्री कम्पनी लिमिटेड, धनुषाले दोस्रो चरणमा नियमित कोटाको रासायनिक मल वितरण सुरु गरेको छ । धनुषा र महोत्तरीमा धान रोपाइँ अन्तिम चरणमा पुगेका बेला सो कार्यालयले नियमित कोटाको डिएपी र युरिया मलको वितरण सुरु गरेको हो ।

मधेस प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको यही साउन ११ गते निर्णयअनुसार धनुषाका लागि ९७९ मेट्रिक टन डिएपी र ९२६ मेट्रिक टन युरिया तथा महोत्तरीका लागि ९३१ मेट्रिक टन डिएपी र ८८० मेट्रिक टन युरिया वितरण सुरु गरिएको कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधामका सूचना अधिकारी बेचन साहले जानकारी दिए ।

सूचना अधिकारी साहका अनुसार कृषि सामग्री कम्पनी लिमिटेडको वीरगञ्जस्थित प्रादेशिक कार्यालयबाट मल ढुवानी भएसँगै जिल्लामा स्थानीय तहहरूको सिफारिसअनुसार मलको वितरण सुरु गरिएको हो ।

मलको वितरणसँगै जिल्लामा केही समय अघिसम्म रहेको मलको अभाव विस्तारै हट्दै गएको छ । साउनको दोस्रो साता थप युरिया र डिएपी मल प्राप्त भएकाले मलको अभाव हटेको उनको भनाइ छ । उनका अनुसार कृषि सामग्री कम्पनी लिमिटेड, जनकपुरधाम धनुषामा हाल २ दशमलव ६ मेट्रिक टन युरिया मौज्दात रहेको छ ।

सुनसरी र सिरहाको घटनापश्चात् स्थानीय प्रशासनहरूले जारी गरेको कर्फ्यु र निषेधाज्ञाका कारण केही दिन मलको ढुवानी हुन नसक्दा केही समस्या भए पनि विस्तारै ढुवानी सुरु भइसकेकोले मल सहज भएको उनले बताए ।


## डेंगी नियन्त्रणका तीन उपाय




सम्सी गाउँपालिका
सम्सी, महोत्तरी, मधेश प्रदेश


# उहिलेको 'बर्दिबास चोक' अहिले मधेशकै...

हुन्छ । डाँडामा उभिएर चिसो हावाको स्पर्श लिनुको अनुभूति गजबको हुन्छ ।

बर्दिबास चोकबाट करिब एक-डेढ किलोमिटरको दुरीमा अवस्थित गौरीडाँडा र बर्दिबासको वातावरणमा निकै फरक अनुभव छ । बर्दिबास चोकमा गर्मी अनुभूत हुन्छ भने गौरीडाँडामा थोरै चिसो । पछिल्लो समयमा गौरीडाँडामा विकसित हुँदै गरेका पार्क, भ्यु-प्वाइन्ट हरियाली वातावरणले जो कोहीलाई मोहित बनाउन सक्छ । यहाँबाट बर्दिबास बजारको नयाँ स्वरूप र पूर्वपश्चिम राजमार्गको नागबेली दृश्यले जो कोहीलाई आकर्षित गर्न सक्छ ।

यसपछि हामी तालिममा सक्रिय भयौं । महोत्तरीका पत्रकारको सहभागितामा यहाँको पत्रकारिताका बारेमा जानकारी प्राप्त गर्ने अवसर मलाई प्राप्त भयो । यहाँ सम्भावना र चुनौती दुवै छ तर पत्रकारको समर्पणमा थोरै समस्या पो छ कि जस्तो लाग्यो । मैले र अनुज राकेशप्रसाद चौधरीले तालिमको सहजीकरण गरेका थियौं । पत्रकार महासङ्घका अध्यक्ष महेश, आमसञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्र खड्का र मधेश मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष बन्दना झा निरन्तर हामीसँगै थिए ।

**टुटेश्वर : मधेशको 'कैलाश' र 'बाबाधाम'**

यस क्षेत्रको अर्को महत्वपूर्ण गन्तव्य हो बर्दिबास-५ मा अवस्थित प्रसिद्ध टुटेश्वरनाथ महादेव मन्दिर । बर्दिबास बजारबाट पश्चिमतर्फ राजमार्ग हुँदै छोटो यात्रापछि टुटेश्वर पुगिन्छ । मरहा (माण्डवी गङ्गा) खोलाको किनारमा अवस्थित यो मन्दिरलाई मधेशको 'कैलाश' र 'बाबाधाम' पनि भनिन्छ। विशेषगरी साउन महिनाको सोमबार, महाशिवरात्रि र हरितालिका तीजमा यहाँ लाखौं श्रद्धालुको घुइँचो लाग्छ । भारतको झारखण्डस्थित प्रसिद्ध ज्योतिर्लिङ्ग बाबाधाममा जुन शैलीमा जल चढाइन्छ, त्यही शैलीमा यहाँ पनि भक्तजनद्वारा विभिन्न नदीबाट जल ल्याएर (काँवर) चढाइने गरिन्छ । हामी बर्दिबासमा हुँदै गर्दा स्थानीयहरू आसन्न साउने मेलाको तयारीमा सक्रिय रहेको देखिन्थे ।

साउनको प्रत्येक सोमबार यहाँ भव्य मेला लाग्ने गर्दछ । स्थानीय जानकारका अनुसार यहाँ स्वयम्भू महादेवको उत्पत्ति भएको हो, तर यो स्थानको उचित प्रचारप्रसार भने हुन सकेको छैन । मन्दिरका पुजारी श्रीचन दासका अनुसार टुटेश्वर महादेवको पूजापाठ गर्दा मनोकांक्षा पूरा हुने जनविश्वास छ ।

नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य तथा यस क्षेत्रको धार्मिक तथा पर्यटकीय क्षेत्रको अनुसन्धानमा सक्रिय पत्रकार राजकरण महतो जानकारी दिँदै भन्छन्, 'एउटा किंवदन्ती अनुसार टुटेश्वर महादेव मन्दिरको नामकरणको प्रसङ्ग एक किसानसँग जोडिएको छ । एक बसाहा (साँढे) ले स्थानीय किसानको बाली खाँदै गर्दा उक्त किसानले त्यसलाई लखेट्न थाले । किसानले खुकुरी प्रहार गरे । बसाहाको कान काटियो ।

बसाहा भाग्दै जङ्गलमा अदृश्य भयो । किसान छक्क पर्दै बसाहाको रगत र पाइलाको आधारमा पछ्याउँदै जाँदा जीउभरि शीत नै शीत, तोरीको फूल टाँसिएको र दाहिने कान काटिएको अवस्थामा ढुङ्गाको रूपमा रहेको साँढेलाई देखे । 'मैले गल्ती गरेछु' भन्दै किसानले भगवानसँग क्षमा मागे । उता घटनास्थलमा ढुङ्गाको कान फेला पर्यो । साँढेको कान मिलाउँदा ठ्याक्कै मिल्यो । यसरी गाउँको नाम टुटेश्वर अनि मन्दिरको नाम टुटेश्वरनाथ महादेव रहन गएको जनविश्वास छ ।'

पत्रकार महतोका अनुसार यो महादेवको नाम टुटेश्वर रहनुका पछाडि अन्य अनेकौं किंवदन्तीहरू प्रचलित छन् । टुटेश्वर, त्रिकुटेश्वर, टुकेश्वर, किराँतेश्वर आदि नामले पनि चिनिने यो मन्दिर क्षेत्रमा आएर महाभारतकालमा पाण्डवले भगवान् शिवको तपस्या गरेको पनि मानिने कुरा महतोले जानकारी दिए ।

स्थानीय विक्रम रौनियारका अनुसार स्वयम्भू अर्थात् भगवान् शिवको ज्योतिर्लिङ्ग स्वरूपको बारेमा विश्वलाई जानकारी दिई यो स्थानलाई धार्मिक पर्यटकीय केन्द्रका रूपमा विकसित गरिनु जरुरी छ । पत्रकार निकेश खनाल बर्दिबासलाई आध्यात्मिक पर्यटन केन्द्रका रूपमा विकसित गर्न यस कार्यमा सङ्घ, प्रदेश र स्थानीय तीनै तहको सरकार सक्रिय हुनु जरुरी रहेको बताउँछन् ।

असार ११ गते बिहान म एउटा कामका सन्दर्भमा काठमाडौं गएर साँझ पुनः फर्केर बर्दिबास नै पुगेको थिएँ । आजको रात बर्दिबास बजारस्थित प्रसिद्ध गौतम होटेलले मलाई आतिथ्य प्रदान गरेको थियो । भोलि यहाँ मधेश मिडिया काउन्सिलको कार्यक्रम थियो, त्यसको सहजीकरणको दायित्वको जिम्मा पनि मेरै थियो ।

**विकासको बाटोमा बर्दिबास**

यसपालि तीन रातको बसाइका क्रममा मैले बर्दिबासको अध्ययन गर्दा केही निष्कर्ष पनि निकाल्ने प्रयत्न गरें । बर्दिबासको भौतिक र आर्थिक रूपान्तरण भएको छ । केही वर्षअघिसम्म एउटा सामान्य व्यापारिक चोकको परिचयमा सीमित बर्दिबास आज मधेश प्रदेशको प्रमुख 'कनेक्टिभिटी हब' र द्रुत गतिमा हुर्किरहेको आधुनिक सहरका रूपमा विकसित हुँदै छ । हाल यहाँ सुविधासम्पन्न होटल, रिसोर्ट र रेस्टुरेन्टहरू उपलब्ध छन् । धार्मिक तथा पर्या-पर्यटनको केन्द्रका रूपमा विकसित हुँदैछ बर्दिबास ।

**चुनौती पनि कम छैनन्**

विकासको तीव्र गतिसँगै बर्दिबासले केही गम्भीर समस्या र चुनौतीको पनि सामना गरिरहेको बोध भयो मलाई । बर्दिबास अहिले पनि खानेपानीको समस्याबाट प्रताडित छ । वास्तवमा यो नै यहाँको सबैभन्दा ठूलो समस्या हो । चुरेको काखमा बसेको बर्दिबास चुरे क्षेत्रमा भएको अनियन्त्रित बालुवा, गिट्टी उत्खनन र वन विनाशका कारण समस्या बेहोर्न बाध्य छ ।

यस्तै द्रुत गतिमा भइरहेको घरजग्गा कारोबार र प्लटिङले गर्दा खेतीयोग्य जमिन नासिँदै गएको गुनासो पनि छ । यतिमात्र होइन, यस नगर क्षेत्रमा धेरै जग्गा ऐलानी छन् र ती जग्गा अतिक्रमणको चपेटामा परेको बेलाबखत आवाज उठ्ने गरेको छ। केहीले त सामान्य लेनदेन कागजका आधारमा अनौपचारिक रूपमा यी ऐलानी जग्गाको खरिदबिक्री भइरहेकोसम्म पनि भन्न भ्याए । बस्ती बढेको छ तर त्यस अनुपातमा व्यवस्थापनमा समस्या देखिएको छ । बजार र जनसंख्याको विस्तार अनुसार उपयुक्त फोहोर व्यवस्थापन र ढलको प्रबन्ध हुन नसक्दा बजार क्षेत्रमा ढल र फोहोरको समस्या देखिन थालेको अनुभव पनि केहीले सुनाए ।

असार १२ गते दिउँसो प्रस्थान गर्ने बेला भइसकेको थियो । म जनकपुर गइरहेको थिएँ । गाडीमा थिएँ । बर्दिबास चोक आइपुगेको थियो । एकै पटक पुराना थुप्रै स्मृति मानसपटलमा दौडिए । नयाँ अनुभवले पुरानालाई विस्थापित गर्न खोजिरहेका थिए । लाग्यो, समय बदलिएको छ, सँगै बर्दिबास पनि । बर्दिबास अब एउटा चोकमात्र रहेन, यो त धार्मिक आस्था, चुरेको प्राकृतिक सुन्दरता र आधुनिक विकासको सङ्गमस्थल पो बनेको छ । मेरो गाडी अगाडि बढेर लालगढछेउ पुगिसकेको थियो । म पछाडि फर्केर अतीत सम्झँदै थिएँ ।


"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

## खर्गा दन्त उपचार केन्द्र प्रा.लि.

बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
☎ ९८४४३१२२४६

**डा. गंगाराम खर्गा**
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

**डाक्टर भेटने समय :** प्रत्येक दिन बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

तराई-मधेश यात्रा :

# उहिलेको 'बर्दिबास चोक' अहिले मधेशकै 'कनेक्टिभिटी हब'




बर्दिबास मेरा लागि नौलो होइन । केटाकेटीदेखि यो नगरसँगको मेरो परिचय हो । महोत्तरीको भरतपुर, गौशाला, औरही हुँदै जलेश्वर जाने, पूर्व-पश्चिम राजमार्ग हुँदै पश्चिम जाने र गौरीडाँडाको बाटो हुँदै भिमान, सिन्धुली, काठमाडौँतिर जाने चौराहाका रूपमा यो सानो बजारको परिचय मेरो मानसपटलमा स्थिर भएर रहेको छ ।

मधेश प्रदेशको करिब-करिब बीचमा अवस्थित महोत्तरीको बर्दिबासभन्दा पूर्वमा मधेशका तीन जिल्ला धनुषा, सिरहा र सप्तरी पर्छन् भने पश्चिममा सर्लाही, रौतहट, बारा र पर्सा पर्दछन् ।

म छेवैको जनकपुरको स्थायी बासिन्दा हुँ, अनेक सन्दर्भमा अनेक पटक बर्दिबाससँगको हिमचिमको सम्झना छ । यो नगर कहिल्यै मलाई नौलो लागेन । मलाई यति मात्र लाग्दै आयो- यहाँको बस्ती धेरै ठूलो भयो, सडकहरू पक्की भएछन्, घर पनि ठूला बनेछन्, बजार निकै विस्तार भएछ, आदि-आदि ।

पछिल्ला दिनमा अवस्था फेरिएको छ । बर्दिबास अब परिपक्व-प्रौढ भइसकेको छ । मधेश प्रदेशको राजधानी जनकपुरधाम भए पनि राजनीतिक र प्रशासनिक केन्द्रका रूपमा बर्दिबास चर्चामा रहँदै आएको छ । यसपटक अर्थात् २०८३ को असार ९ देखि ११ सम्म यहाँ तीन रात बिताउने अवसर पाउँदा मैले यस नगरलाई फरक ढङ्गले चिन्ने-बुझ्ने अवसर प्राप्त गरेँ ।

**पत्रकारितामा अनेक समस्या**

असार ९ गते साँझ काठमाडौँबाट मैले बुद्ध एयरको जहाजमार्फत जनकपुरसम्मको यात्रा गरेको थिएँ । जहाजले जब काठमाडौँको आकाश नाघ्यो, मनभरि मधेशको समथर भूभाग र चुरेको जङ्गलको भावानुभूति भयो । मनमा बेग्लै उत्साह र उत्सुकता थियो । करिब २५ मिनेटको उडानमै दृश्य बदलिएको थियो- काठमाडौँ र त्यसपछिको पहाडी क्षेत्र छिचोल्दै जनकपुरको समथर तराई मैदान । काठमाडौँको चिसो हावालाई जनकपुरधाम विमानस्थलको न्यानो स्पर्शले विस्थापित गरिदिएको थियो ।

विमानस्थल बाहिर नेपाल पत्रकार महासङ्घ महोत्तरीका अध्यक्ष अनुज महेश कुमार दास आफैँ गाडी लिएर उपस्थित थिए । उनका साथमा थिए पत्रकार विष्णु गुप्ता । खासमा मधेश आमसञ्चार प्राधिकरणको सहयोगमा पत्रकार महासङ्घ महोत्तरीले बर्दिबासमा पत्रकारितासम्बन्धी दुई दिने तालिमको आयोजना गर्दै थियो र मैले तालिमको सहजीकरणको दायित्व निर्वाह गर्नु थियो ।

रातको करिब ८ बजिसकेको थियो । भोलि बिहानैदेखि तालिमको सत्र संचालन गर्नुपर्ने भएकाले आज जनकपुर बस्ने छुट मलाई थिएन । जनकपुर बजारमै छ मेरो घर, तर त्यता नगई महेशको गाडीमा बसेर हामी महेन्द्रनगर-ढल्केवर हुँदै पूर्व-पश्चिम राजमार्ग समातेर बर्दिबासतर्फ लाग्यौँ ।

गाडी महेशले आफैँ चलाइरहेका थिए । मैले उनलाई सोधेँ, 'भाइ, यहाँका पत्रकारले पनि अब गाडी चढ्न सक्ने भए है ?'

उनको उत्तर थियो, 'दाइ, यो ईभी गाडी हो । घरको पैसा लगानी गरेर किनियो, बाँकी इन्धनका लागि त मेरो आम्दानीले भ्याइहाल्छ नि ।'

उनको उत्तर सुनेर बडो सन्तोष लाग्यो । उनको कुरा सुन्दै गएँ, उनको कुरा सुनेर मधेशको पत्रकारिता सम्बन्धमा असन्तुष्ट हुनुपर्ने अनेक कारण थिए । महेशले भनेका थिए, 'दाइ, भोलिदेखिको तालिममा तपाईंले पत्रकार आचारसंहिता, मर्यादा, व्यावसायिकता र नयाँ मिडियाको दुरुपयोग आदिबारे अलिक कडै भएर भनिदिनुपर्ला ।'

मैले भनेँ, 'हुन्छ, हेरौँ । पहिला सहभागीका कुरा त सुन्नुपऱ्यो नि ।'

**बाटो त बन्यो, कृषि केन्द्रहरू भत्किए**

सांस्कृतिक, ऐतिहासिक र पुरातात्विक महत्वको शहर जनकपुरधामबाट हामी उत्तरतर्फ अगाडि बढिरहेका थियौँ । अँध्यारो भइसकेको थियो । बत्तीको उज्यालोमा बाटामुनिका खेतहरू, आँपका बगैँचा र मधेशको जनजीवन झल्कने घरहरू आँखाअगाडि नाचिरहेका थिए । अहिले जनकपुरधामदेखि ढल्केवरसम्म चार लेनको बाटो बनेछ । बडो राम्रो लाग्यो । म स्थानीय त हुँ, तर मैले पनि यो बाटोको प्रयोग गर्ने अवसर धेरै पाउँदिनँ ।

बाटोमा नक्टाझिज भन्ने ठाउँ आयो । विगतमा कृषि अनुसन्धानका दृष्टिले नेपाल सरकारको महत्वपूर्ण निकाय थियो यहाँ । निकै चहलपहल हुने गर्दथ्यो, तर ०४६ को आन्दोलनपछि यो निकाय ओरालो लाग्दै गयो । अहिले त बन्दप्रायः छ । यस्तै महेन्द्रनगरस्थित सुर्ती विकास कम्पनी र जनकपुरस्थित बागबानी केन्द्रको संरक्षण र प्रवर्द्धन पनि पछिल्लो समयमा नेपाल सरकारको प्राथमिकतामा परेन । एक किसिमले तीनवटै संरचना भत्किए । ढल्केवरसम्म आउँदा बाटामा परेका यी तीनवटै स्थान हेर्दा निकै नमज्जा लाग्यो । करिब एक घण्टाको यात्रापछि हामी चुरे पहाडको काखमा अवस्थित महोत्तरीको मुख्य व्यापारिक तथा पर्यटकीय केन्द्र बर्दिबास पुग्यौँ । महेशको गाडी बजारमा रोकिएन । उनी सोझै अगाडि जङ्गलतिर पो लागे । मैले सोधेँ, 'भाइ कता हो ?'

उनले भने, 'दाइ यसपटक बजारमा होइन, जङ्गलमा बस्ने हो ।'

म एकछिन अलमलमा परेँ । त्यतिञ्जेल उनको गाडी माइस्थान (माइथान) नजिकैको होटेल नव्या पुगिसकेको थियो ।

भारतीय पर्यटक भरिभराउ देखिए । आज र भोलिको बास मेरो यहीँ हुँदै थियो । महेशले मलाई होटेलमा व्यवस्थापन गरे । होटलको नाम त मैले पहिले पनि सुनेको थिएँ तर बसाइको अनुभव भने थिएन । बाँकी कुरो त थाहा भएन, तर बसाइ भने स्तरीय नै लाग्यो । खुसी पनि लाग्यो, बर्दिबास बजारबाट करिब ३/४ किलोमिटरको दुरीमा जङ्गलमा माइथान मन्दिरनजिक भव्य होटल नव्या ! मलाई त्यहाँ छोडेर महेश जलेश्वर फर्किए ।

**माइथान अर्थात् पञ्चधुरा : विगतदेखि वर्तमानसम्म**

भोलिपल्ट तालिमको आयोजना हुने निश्चित थियो । सहभागीहरू जलेश्वर, बर्दिबास र गौशालाबाट आउनेवाला थिए । अलिक ढिलै संचालन हुने तय थियो । मैले बिहानको थोरै समय सदुपयोग गर्ने विचार गरेँ । जनकपुरमा क्याम्पसमा अध्ययन गर्दा २०४३ सालतिर म यतातर्फ मित्र मुकुन्दसँग उनको घर चेरु आएको सम्झिएँ । त्यस्तै पत्रकारिताकै एक प्रशिक्षण कार्यक्रम संचालनका सन्दर्भमा २०६८ सालताका सहभागीलाई लिएर माइस्थान र टुटेश्वर गएको पनि सम्झना छ । मुकुन्द अब यस धरामा छैनन्, सम्झेर नरमाइलो लाग्यो ।

बर्दिबास-४ मा अवस्थित पञ्चधुरा माइस्थान (माइथान) मन्दिर पुग्दा लाग्यो- मन्दिरमा विगतको तुलनामा थोरै परिवर्तन आएको छ, सौन्दर्यीकरण गरिएको छ । थोरै बस्ती पनि विस्तार भएको छ, तर तात्विक रूपमा खासै परिवर्तनको बोध मलाई भएन । यति हो, माइथान पुग्दा छुट्टै शान्ति र ऊर्जाको महसुस भने हुन्छ । पञ्चधुरा भगवतीको प्राचीन मन्दिर रहेको माइथान यस क्षेत्रमा शक्तिपीठका रूपमा पूजित छ । स्थानीय जनविश्वास अनुसार यो शक्तिपीठको सम्बन्ध प्राचीन जनकपुरसँग छ । बर्दिबासका पत्रकार गोपाल बरालका अनुसार राजा जनक र ऋषिमुनिले यस क्षेत्रमा तपस्या गर्दा शक्तिपीठको रूपमा पञ्चधुरा माईको स्थापना गरेका थिए ।

जङ्गलको बीचमा अवस्थित यो मन्दिरमा भाकल गर्दा मनोकांक्षा पूरा हुने विश्वास छ । पत्रकार बरालका अनुसार यो क्षेत्र वरिपरि भेटिने पुराना इँटा, शिला र संरचनाले यहाँ परापूर्वकालदेखि नै मानव सभ्यताको उपस्थिति रहेको पुष्टि हुन्छ । बरालले भने, 'यो स्थानको पुरातात्विक महत्व पनि छ । सम्बद्ध निकायले पर्यटकीय केन्द्रका रूपमा विकास गर्न सके यहाँसम्म थुप्रै पर्यटक आउन सक्ने सम्भावनालाई अस्वीकार गर्न सकिन्न ।'

**गौरीडाँडाको पहाडी भूगोल**

कसैलाई मधेशमा पहाड छैन भन्ने लाग्छ भने त्यो गलत हो । बर्दिबासनजिक थोरै पहाडी भूमि पनि छ- गौरीडाँडा । गौरीडाँडा बर्दिबासको त्यस्तो पहाडी भूगोल हो, जहाँबाट एकातिर महाभारत र चुरे पर्वतशृङ्खलाको मनोरम दृश्य देखिन्छ भने अर्कातिर दक्षिणतर्फ फैलिएको मधेशको विशाल समथर फाँटको दृश्यपान

*- बाँकी पृष्ठ ३ मा*

## प्रजिअको नेतृत्वमा अनुगमन

**द पब्लिक टुडे समाचारदाता**
**बर्दिबास, साउन २३ गते ।**

महोत्तरीमा खाना पकाउने एलपी ग्यासको आपूर्ति तथा वितरण अवस्थाबारे महोत्तरीका प्रमुख जिल्ला अधिकारीले जिल्लामा अनुगमन गरेका छन् ।

शनिबार प्रजिअ इन्द्रदेव यादवको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय महोत्तरीको टोलीले बर्दिबास लगायत जिल्लाका विभिन्न स्थानमा खाना पकाउने एलपी ग्यास आपूर्तिको जिम्मेवारी पाएका विभिन्न डिलरहरुको अनुगमन तथा निरीक्षण गरेको छ ।

अनुगमनका क्रममा ग्यासको उपलब्धता, आपूर्ति तथा वितरण अवस्थाबारे जानकारी लिएको छ । जिप्रकाले जिल्लामा एलपी ग्यासको आपूर्ति नियमित भइरहेको जनाउँदै अभाव हुनसक्ने अनुमानका आधारमा उपभोक्ताले आवश्यकताभन्दा बढी ग्यास घरमा संचय नगर्न आग्रह गरेको छ । त्यस्तै, जिल्लाको कुनै पनि स्थानमा ग्यासको अभाव, कालोबजारी वा जम्माखोरी भएको पाइए तत्काल नजिकको प्रहरी कार्यालयमा जानकारी गराउन प्रशासनले अनुरोध गरेको छ ।

प्रशासनले ग्यासको आपूर्ति सहज बनाउन व्यवसायी तथा उपभोक्तालाई सहयोग गर्न आग्रह गरेको छ ।


## खानेपानी तथा उपभोक्ता संस्थाको जरुरी सूचना

बर्दिबास-८, हाथिलेट

**उपस्थित भई दिने सम्बन्धमा**

उपरोक्त सम्बन्धमा यही मिति २०८३/०४/२५ गते यस बर्दिबास-८, हाथिलेट खानेपानीको लागि संघिय योजनाबाट विनियोजित बजेट कार्यान्वयन सम्बन्धि आम उपभोक्ता सहितको बृहत्त छलफल गर्नु पर्ने भएको हुँदा बर्दिवास नगरपालिका-८ का सम्पूर्ण जनसमुदायमा तपसिल बमोजिमको समय, स्थान र मितिमा गरिमामय उपस्थितीको लागि हार्दिक अनुरोध छ ।

**तपसिल**

**मिति :** २०८३/०४/२५ गते
**समय :** ११:०० बजे
**स्थान :** बेङखाडी बजार

भवदीय
**बेद ब.मसराङ्गी**
अध्यक्ष

## बर्दिबास उद्योग वाणिज्य संघ

बर्दिवास, महोत्तरी

**नविकरणमा विशेष छुट सम्वन्धी सूचना**

बर्दिवास उद्योग वाणिज्य संघको मिति २०८३/०४/२१ गतेको कार्यसमितिको निर्णय अनुसार व्यवसायीज्यूहरुले आ.व. २०८२/०८३ भन्दा अघी जतीवटा आर्थिक वर्षको नवीकरण नगरेको भएता पनि मिति : २०८३ असोज मसान्तसम्म नविकरण गर्दा विशेष छुटको व्यवस्थाको निर्णय गरी दुई आर्थिक वर्षको मात्र नविकरण शुल्क बुझाई आफ्नो व्यवसायको नवीकरण गर्नुहुन हार्दिक अनुरोध गर्दछौं ।

भवदीय
**केदार गौतम**
महासचिव

## इलेक्ट्रिक चुरोट (भेप)को प्रयोग नगरौं

- इलेक्ट्रिक चुरोट सुरक्षित विकल्प हो भन्ने भ्रमबाट बचौं,
- निकोटिनयुक्त पदार्थले स्वास्थ्यमा पार्ने असरबारे सचेत बनौं,
- बालबालिका तथा युवालाई इलेक्ट्रिक चुरोटको आकर्षणबाट जोगाऔं,
- धुम्रपान तथा निकोटिनजन्य पदार्थको प्रयोगबाट टाढा रहौं,
- इलेक्ट्रिक चुरोटको प्रयोग र लतबाट बचौं,
- परिवार र समाजमा धूम्रपानमुक्त वातावरण निर्माण गरौं ।

**स्वास्थ जीवनशैली र सकारात्मक बानीको विकास गरौं**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, अध्यक्ष : रामनारायण महतो ९८४४०३७१९८, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- मोडल अफसेट प्रेस जनकपुरधाम, ग्रुप एडिटर : राजकरण महतो, सम्पादकः सन्तकुमार क्षेत्री